उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा

## सुची दर्ता सम्बन्धी सूचना

यस कार्यालयको आ.व. २०७५/०७६ को लागि आवश्यक पर्ने तपसिलका कार्यका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ उपनियम (१) बमोजिम सूची दर्ता गर्नुपर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिहरुले आ-आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको नवीकरण सहितको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धी कर दर्ता प्रमाण–पत्रको प्रतिलिपि, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजस्व विभागबाट आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र समावेश गरी यो सूचना प्रकाशित भएको मितिले यस आ.व. २०७५/०७६ भित्र आफ्नो कारोबारको संक्षिप्त व्यहोरा तथा पत्राचार गर्ने ठेगाना, सम्पर्क व्यक्तिको नाम एवं फोन (मोबाईल नम्बर स्पष्ट उल्लेख गरी) यस कार्यालयको खरिद व्यवस्थापन ईकाइमा सूची दर्ताको निवेदन (रु. १० को टिकट टाँस भएको) दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त निवेदन उपर छानविन गरी सूचीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

तपसिल :

**आवश्यक सामान तथा सेवाहरुको विवरण**

१. स्टेशनरी सामानहरुको आपूर्ति (मसलन्द तथा विविध)।
२. छपाई सम्बन्धी कार्यहरु।
३. फर्निचर तथा फर्निसिङ आपूर्ति तथा मर्मत सम्वन्धी कार्यहरु।
४. विद्युतिय सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य हरु।
५. सवारी साधान, पार्टपुर्जा खरिद तथा मर्मत सम्बन्धी कार्य हरु।
६. पत्र पत्रिका तथा पुस्तकहरु आपुर्ति।
७. खानेपानी ( ट्यांकर, जार, मिनरल वाटर )।
८. कम्प्युटर, प्रिन्टर, फोटोकपी लगायतका मेसिनरी औजार आपूति तथा मर्मत कार्य हरु।
९. सोलार पावर र सोय , उजा स ब धी।
१०. सफटवेयर निर्माण, अपडेट, कम्प्यूटर नेटवर्किङ तथा ईन्टरनेट सेवा प्रदान सम्बन्धी।
११. गाउँपालिकालाई आवश्यक अन्य सामाग्री तथा सेवाहरु।

**शर्तहरु:**

**क. आवश्यक प्रमाण-पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कारवाही हुने छैन।**
**ख. प्रत्येक समूहको कामका लागि छुट्टाछुट्टै आवेदन दिनुपर्नेछ।**

**प्रमुख प्रशासकीय अधिकृत**